# सार्वजनिक निजी साझेदारी सम्बन्धी अन्तर्क्रिया

## आर्थिक वर्ष २०७३/७४

**(काठमाडौमा सम्पन्न अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन)**

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार काठमाडौं

## पृष्ठभूमि

उच्च, दिगो र फराकिलो आर्थिक बृद्धि आर्थिक सामाजिक रुपान्तरणको पूर्वशर्त हो भने पूर्वाधार संरचना विकास यसको आधार हो । पूर्वाधार सेवा संरचनाको निर्माण र सञ्चालनमा राज्यकोषबाट विनियोजन हुने साधन-स्रोत आवश्यकताका तुलनामा न्यून हुने भएकाले सार्वजनिक-निजी साझेदारीको मान्यताअनुरुप निजी क्षेत्रमा उपलब्ध संभावना, साधन-स्रोत, सीप तथा प्रविधिलाई मुलुकको विकासमा अधिकतम उपयोग गरी सेवा सञ्चालन कम खर्चिलो, प्रभावकारी र विश्वासनीय बनाउनु आवश्यक भएको छ । सार्वजनिक निजी साझेदारी वैकल्पिक लगानीको नवीनतम् उपागम पनि हो । यसले लगानीमा रहने जोखिमलाई न्यून गरी र सेवास्तरलाई बढाउने सामर्थ्य राख्दछ ।

मुलुकले आर्थिक उदारीकारणको नीति अवलम्वन गरेपछि विकासमा बहुपात्र प्रणालीको उपयोगका लागि विभिन्न नीति तथा कानूनी व्यवस्था हुदै आएका छन् । पूर्वाधार निर्माण तथा विस्तारको बढ्दो आवश्यकतालाई पूरा गर्न निजी लगानी आकर्षणका लागि 'सार्वजनिक पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा हस्तान्तरण सम्बन्धी नीति, २०५७' जारी गरियो । यसै नीतिलाई आधारमानी 'पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३' र सो सम्बन्धी नियमावली, २०६४ जारी भई कार्यान्वयनमा रहेको छ । साथै राष्ट्रिय योजना आयोगले सार्वजनिक निजी साझेदारी श्वेत-पत्र, २०६७ जारी गरी यस क्षेत्रमा रहेका समस्या तथा सो समाधानका लागि आवश्यक नीति तथा संस्थागत व्यवस्थाको सिफारिस गरेको छ । लगानी वोर्ड नेपाल स्थापना भै केही ठूला आयोजनाहरुको विकास र लगानी संभाव्यता खोज्ने काम भैरहेको छ भने सञ्चार र विद्युत जस्ता व्यापारिक प्रकृतिका केही आयोजनामा निजी क्षेत्रले साझेदारी गरिरहेको छ । तर भौतिक पूर्वाधारका क्षेत्रमा भने यी प्रयासका वाजुद खासै उपलब्धी हासिल हुन सकेको छैन । यसलाई मध्यनजर गर्दै सार्वजनिक निजी साझेदारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवधारणा, मूल्य, मान्यता एवम् प्रचलनलाई आत्मसात गरि सार्वजनिक निजी साझेदारी नीति, २०७२ जारी भएको छ भने नीति उद्देश्य अनुरुपका कार्य गर्न सार्वजनिक निजी साझेदारी केन्द्र पनि स्थापना भएको छ । सार्वजनिक निजी साझेदारी केन्द राष्ट्रिय योजना आयोग अन्तर्गत रहने छ।यसैको सिलसिलामा राष्ट्रिय योजना आयोगले असार २१, २०७३ मा काठमाडौंको राडिसन होटलमा सार्वजनिक निजी साझेदारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। यस कार्यक्रममा सार्वजनिक निकायका प्रतिनिधिहरु, निजी क्षेत्रका प्रतिनिधिहरु , खासगरी काठमाडौं उपत्यकाका नगरपालिकाका कार्यकारी अधिकृतहरु, पत्रकारहरु लगायत करीब १०० जना उपस्थिति रहेको थियो । एक दिन सञ्चालन गरिएको उक्त अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. युवराज खतिवडाले पानसमा वत्ती बालेर कार्यक्रमको उद्घघाटन गर्दै प्रमुख अथितिको रुपमा विशेष मन्तव्य दिनुभएको थियो। माननीय सदस्य डा. सुनिलबाबु श्रेष्ठले कार्यक्रमको अध्यक्षको हैसियतले स्वागत मन्तव्य सहित कार्यक्रमको उद्वेश्य

माथि प्रकाश पार्नुभएको थियो।यस कार्यक्रममा राष्ट्रिय योजना आयोगका सह-सचिव श्री गोपीनाथ मैनाली , श्री पूर्ण कडेरिया तथा मणिराम महतले क्रमश सानिसाका विद्यमान व्यवस्थाहरु, पूर्वाधारको लागि सानिसा र स्थानिय विकासका लागि सानिसा विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।
कार्यक्रम उद्धघोषक राष्ट्रिय योजना आयोगका योजना अधिकृत श्री राममणि काफ्लेले उक्त कार्यक्रमलाई कार्यपत्र प्रस्तुतकर्ताहरुमाथिको सवाल जवाफ तथा सम्रग अष्पष्ठता माथि प्रकाश पार्न खुल्ला अन्तरक्रिया, छलफल र अनुभव साटासाटको लागि कार्यपत्र प्रस्तुतकर्ता, टिप्पणीकर्ता तथा विज्ञ सहित floor Open गर्नुभएको थियो । अन्तमा राष्ट्रिय योजना आयोगका माननिय सदस्य डा. सुनिलबाबु श्रेष्ठले समग्र पृष्ठपोषण सहित कार्यक्रम समापन गर्नुभएको थियो।

**सार्वजनिक निजी साझेदारी नीति, २०७२ मा भएका सामान्य नीतिगत व्यवस्याहरु :**

**सोच (Vision)**

सार्वजनिक पूर्वाधार र सेवाहरुको दिगो विकास गरी यस्मा आम नागरिकको गुणस्तरीय पहुच सुनिश्चित गर्ने ।

**लक्ष्य (Goal)**

सार्वजनिक निजी साझेदारीको माध्यमबाट वृहत सामाजिक तथा आर्थिक विकासको लागि सार्वजनिक पूर्वाधार र सेवाहरुको विकास तथा सञ्चालनमा निजी क्षेत्रको उल्लेख्य लगानी अभिवृद्दि गर्ने ।

**उद्देश्य (Objectives)**

- सार्वजनिक पूर्वाधार तथा सेवाहरुको विकास, पुनःनिर्माण तथा सञ्चालनको क्षेत्रमा आवश्यक पूँजी, साधन एवं श्रोतहरु **निजी क्षेत्रबाट लगानी आकर्षण हुने वातावरण सिर्जना गर्ने ।**
- राज्यले आवश्यक गुणस्तरयुक्त सार्वजनिक पूर्वाधार तथा सेवाहरु उपलब्ध गराउन **निजी क्षेत्रमा रहेको व्यावसायिकता, कार्यकुशलता, उद्यमशिलता, प्राविधिक दक्षताको उपयोग गर्ने ।**

**नीतिहरु**

- विकसित मुलुकहरुमा स्थापित सार्वजनिक निजी साझेदारीका प्रचलित सिद्धान्त तथा मान्यताहरुलाई प्रवर्द्धन गर्ने ।
- मुलुकको सर्वाङ्गीण विकासमा निजी क्षेत्रको अधिकतम उपयोग गर्ने ।

- निजी क्षेत्र (आन्तरिक तथा बाह्य) को लगानीका लागि अनुकुल वातावरणको सृजना गर्ने ।

**रणनीतिहरु**

- प्रचलित मान्यता तथा अवधारणालाई आवश्यकता र सान्दर्भिकताका आधारमा सम्भाव्य सबै सार्वजनिक क्षेत्र तथा निकायहरुमा अंगिकार गरिने ।
- प्राथमिकता प्राप्त क्षेत्रका पूर्वाधार सेवाहरु पहिचान गरिने ।
- सम्पन्न हुन सक्ने सा. नि.सा. आयोजनाहरुलाई राज्यका सबै अङ्ग तथा निकायहरु मार्फत कार्यान्वयन गरिने ।
- आयोजनाहरुको पहिचान, सम्भाव्यता अध्ययन र प्रारुप तयार गर्ने कार्यमा निजी क्षेत्रलाई आवश्यकता अनुसार उपयोग गरिने ।
- आयोजनाहरुको निर्माण र व्यवस्थापनमा निजी क्षेत्रमा उपलब्ध सफल व्याबसायिकता, उद्यमशिलता र प्रभावकारितालाई सदुपयोग गरिने ।
- आयोजनाहरुको दिगो सञ्चालन तथा मर्मत संभारमा निजी क्षेत्रको जिम्मेवारी सुनिश्चित गरी प्रभावकारी बनाईने ।
- आयोजनाहरुको खरीद तथा स्वीकृति प्रक्रियालाई सरल एवं पारदर्शी बनाइने ।
- लाभ तथा जोखिमलाई सार्वजनिक तथा निजी क्षेत्र बीच विवेकशिल रुपमा बाँडफाँट गरिने ।
- निजी क्षेत्रको मनोबल उच्च राख्न नेपाल सरकारबाट हुने लगानी, सहयोग र प्रतिवद्धता सुनिश्चित गरिने ।

**स्वागत मन्तव्य**

राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. सुनिलबाबु श्रेष्ठज्यूले रा.यो.आयोगको निमन्त्रणा स्वीकार गरी कार्यक्रममा सहभागिता जनाउन पाल्नुभएका महानुभावलाई स्वागत गर्दै कार्यक्रमको उद्धेश्य माथी प्रकाश पार्नुभएको थियो। सन् १९८० देखि सार्वजनिक निजी साझेदारी अनुरुप विकास शुरुवात भएको भएतापनि नेपालले भने १९९० देखि एक विकासको Tool को रुपमा अवलम्वन गर्दै आएको छ। UNDP ले सन् १९९६ देखि नेपालमा शुरुवात गरेको हो। खासगरी हाम्रो देशमा व्यवस्थापनका क्षेत्रमा मात्र सार्वजनिक निजी साझेदारी भएतापनि निर्माण सम्वन्धमा सानिसामा काम प्रभावकारी हुन सकेको छैन भन्नुहुदै सानिसा सम्बन्धीत यस अन्तरक्रियाले मुख्यतया निम्न पक्षमा जोड दिनुभएको थियो।

- सानिसा के हो र यसले कसरी काम गर्दछ?
- सरोकारवालाहरुका बिचमा कसरी समन्वय कायम गर्दछ ?
- PPP center कसरी अगाडि बढाउनु पर्दछ ?
- एकआपसमा कसरी आपसी बिस्वास कायम गर्ने ?

  भन्ने सम्वन्धमा प्रकाश पार्दै Pro –Public PPP तथा SMART PPP को अवधारणा अनुसार काम गर्न मिल्नेगरी यस अन्तरक्रियाले व्यावहारीक सुझाव दिने आशा राख्रे प्रतिक्रिया दिनुभयो।

**विशेष मन्तव्य**

राष्ट्रिय योजना आयोगका मा.उपाध्यक्ष, डा. युवराज खतिवडाले हालसम्म सानिसाले विशेषगरी भौतिक पूर्वाधारको क्षेत्रमा बढी जोड दिएतापनि अन्यक्षेत्रमा सानिसाका अवसरहरुलाई कम आङकलन नगरौं भन्दै सामाजिक क्षेत्रहरु जस्तै उच्चशिक्षामा , स्वास्थ्य, पर्यटन, विमानस्थल, विमा, वैङ्किङ, कृषि, उधोग, सुशासनको क्षेत्रमा समेत सानिसाको महत्वका बारेमा प्रकाश पार्नु भएको थियो।

VGF सम्वन्धि स्पष्ट्र नीति बनाउनुपर्ने, Credibility का लागि third Party feasibility study हुनुपर्ने, निरन्तर सचालनमा VGF दिन नसकिने तर One time Investment गर्न भने पछिहट्न नहुने राय व्यक्त गर्नुभयो। यसै क्रममा सार्वजनिक निजी साझेदारीमा निर्मित आयोजनाहरुको नेतृत्व सवल, सक्षम र व्यावसायिक व्याक्तिवाट गर्नुपर्छ भन्नुभयो। साथै निश्चित समय पछि सरकारकै स्वामित्तवमा आउने कारण त्यसवेलाको कार्ययोजना समेत सरकारसँग हुनुपर्ने बताउनुभयो।

**प्राविधिक सत्र : प्रस्तुति तथा छलफल**

सार्वजनिक निजी साझेदारी सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको प्राविधिक सत्र मुख्य विषयमा प्रवेश गरी छलफल गर्ने सत्र हो ।यस प्राविधिक सत्रको अध्यक्षता राष्ट्रिय योजना आयोगका मा.सदस्य- डा. सुनिलबाबु श्रेष्ठज्यूले गर्नु भएको थियो। यस प्राविधिक सत्रलाई व्यवस्थित, सहभागितामूलक र उपलब्धिपूर्ण बनाउनका लागि देहाय बमोजिमका क्रियाकलापहरुमा विभाजन गरी सञ्चालन गरियोः

**कार्यपत्र प्रस्तुतिकरण :१  सानिसाका विद्यमान व्यवस्थाहरु**

उक्त कार्यपत्र राष्ट्रिय योजना आयोगको सह-सचिव श्री गोपीनाथ मैनालीज्यूबाट प्रस्तुत गरिएको थियो ।यस प्रस्तुतिकरणमा सार्वजनिक निजी साझेदारी सम्बन्धी अवधारणा, शर्तहरु, जोखिम पक्षहरु, सार्वजनिक निजी साझेदारी नीतिका बिशेषताहरु, सार्वजनिक निजी साझेदारी केन्द्रको काम र भूमिकाको बारेमा प्रकाश पार्नुका साथै थप कार्यक्रमका सहभागिहरुको जिक्षासाहरुलाई टिप्पणीकर्ताको रुपमा प्रभावकारी भूमिका प्रदान गर्नु भयो।

**प्रस्तुतीकरण :२  पूर्वाधारको लागि सानिसा**

यस प्राविधिक सत्र अन्तर्गतको प्रस्तुतीकरण नं.२ मा राष्ट्रिय योजना आयोगले नेपाल सरकारका पूर्वसचिव तथा हाल विज्ञ श्री पूर्ण कडेरियाज्यूले पूर्वाधारको क्षेत्रमा सानिसा विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।त्यसैगरी सानिसाका विधमान व्यवस्थामा भएका विविध पक्षका बारेमा प्रष्ट्रपार्नु भएको थियो। साथै थप कार्यक्रमका सहभागिहरुको जिक्षासाहरुलाई टिप्पणीकर्ताको रुपमा भूमिका प्रदान गर्नु भयो।

**प्रस्तुतीकरण :३  स्थानिय बिकासको लागि सानिसा**

यस प्राविधिक सत्र अन्तर्गतको प्रस्तुतीकरण नं.३ मा नगर विकास कोषका प्रतिनिधि श्री मणिराम महतज्यूले स्थानीय विकासको लागि सानिसा विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।सफल सानिसाको लागि कानूनी सयन्त्र, राम्रो कारोवार क्षमता, अनुभवी सेवा प्रदायक र राजनीतिक प्रतिवद्धता आवश्यक हुन्छ भन्नुहुदै भावि संघिय संरचनामा कसरी सानिसालाई प्रयोग गर्न सकिन्छ भन्ने बारेमा प्रकाश पार्नुभएको थियो। माथि प्रस्तोताहरुको प्रस्तुतीकरणका बिषयलाई जस्ताको तस्तै पछाडी सूचिमा राखिएको छ।

**छलफल तथा प्रश्नोत्तर** :

यस प्राविधिक सत्र अन्तर्गत प्रस्तुतीकरण पछि खुला अन्तर्क्रिया , छलफल तथा अनुभव साटासाट गर्ने सत्र रहेको थियो । सहभागीहरुका जिज्ञासालाई राष्ट्रिय योजना आयोगका तर्फबाट गठन गरिएको Panelistsहरु श्री पूर्ण कडरिया, श्री गोपीनाथ मैनाली, श्री कैलास कुमार बजिमय, विजय सिं, लगायतले समाधान गर्नु भएको थियो । यस क्रममा सहभागिका तर्फबाट राखिएका जिज्ञासा तथा सुझाबलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

| क्र.सं | नाम/संस्था | प्रश्न/सुझाव/जिज्ञासा | कैफियत |
|---|---|---|---|
| १ | श्री किशोर प्रधान, उद्योग वाणिज्य महासंघ उपाध्यक्ष, प्रतिनिधि। | • सानिसाले कृषि, पर्यटन र जलविद्युतमा लगानीमैत्री वातावरण निर्माण गर्नुपर्ने।<br>• Contract farming मा जोड दिनुपर्ने।<br>• कोशिको तटिय क्षेत्र उपयोग गर्नुपर्यो।<br>• NTC को गुणस्तरमा सुधार गर्नुपर्यो।<br>• निजी क्षेत्रलाई बढि भूमिका प्रदान गर्नुपर्यो। | |
| २ | श्री ,कैलास कुमार बजिमय, नेपाल चेम्वर अफ कमर्स प्रतिनिधि, | • निजीक्षेत्रलाई आकर्षण गर्ने हो भने आकर्षक योजना ल्याउनुपर्यो। | |
| ३ | श्री विरेन्द्र राज पाण्डे, प्रतिनिधि, सिएनआइ। | • सानिसमा विकास सम्वन्धि राष्ट्रिय रणनीति हुनुपर्यो।<br>• Viable , fisible project bank हुनुपर्यो। | |
| ४ | वदन न्याछ्यो। | • सानिसाले मानव ससादन विकाशमा ध्यान दिनु पर्छ।<br>• वि.सं १९९३ देखि शुरु भएको सानिसा किन बिफल भयो अध्ययन हुनु पर्यो। | |
| ५ | विष्णु बहादुर श्रेष्ठ,<br>भौतिक पूर्वाधार मन्त्रालय। | • सानिसाको मापदन्ड राष्ट्रिय योजना आयोगले बनाउनेकी सम्वन्धीत मन्त्रालयले।<br>• सानिसा निर्देशिका आउँछकी आउँदैन । | |
| ६ | रामचन्द्र दंगाल, | • शहरी विकास मन्त्रालय र नगरपालिकाको कार्यकारी विचमा थप छलफल हुनुपऽयो। | |

| | | | |
|---|---|---|---|
| | सह-सचिव , सहरी विकास। | • Risk, Investment plan, नीति कहिले आउँछ ।<br>• स्थानिय क्षमता कसरी बढाउने। | |
| ७ | विजय सिं | • Risk and Benefit sharing गर्ने अवस्था स्पष्ट्र हुनुपर्यो।<br>• सानिसाले ग्रामिण पूर्वाधारमा जोड दिनुपर्यो।<br>• सानिसाले Excess to Energy service मा जोड दिनुपर्यो।<br>• Mega investor को लागि Assessment Risk and Climate Risk मा ध्यान दिनुपर्यो।<br>• सानिसा मार्फत लगानी भएका आयोजनाहरुको consumers affordability and reliability कसरी सम्वोधन गर्ने भन्नेमा ध्यान दिनु पर्यो।<br>• Finance and Environment लाई कसरी सुरक्षित गर्ने। | |
| ८ | प्रदिप सिग्देल<br>CNI | • Finance mechanism स्पष्ट्र भएन। | |

उपरोक्त छलफल तथा प्रश्नोतर कार्यक्रमको जिज्ञासाहरुलाई राष्ट्रिय योजना आयोगका सहसचिव श्री गोपीनाथ मैनाली ज्यू तथा श्री पूर्ण कडेरियाज्यूले समाधान गर्ने प्रयास गर्नुभएको थियो।

**कार्यक्रमको समापन**


राष्ट्रिय योजना आयोगले सार्वजनिक निजी साझेदारी सम्बन्धी सञ्चालन गरेको अन्तर्क्रिया कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय योजना आयोगका मा. सदस्य-डा. सुनिलबाबु श्रेष्ठज्यूले सार्वजनिक नीजि साझेदारी कार्यक्रमलाई सफल पार्न एकआपसमा विस्वास र लगानीयोग्य परीयोजनाहरु हुनुपर्ने बताउनुभयो साथै सानिसा सम्वन्धित अन्तर्क्रियालाई सफल बनाउन सहयोग गर्नुहुने सबै सरोकारवालाहरुलाई पुनःधन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो।


सार्वजनिक निजी साझेदारी सम्बन्धी
अन्तरक्रिया
२१ असार २०७३
काठमाण्डौं
नेपाल सरकार
राष्ट्रिय योजना आयोग

चित्रः आशन ग्रहण



चित्रः सानिसा कार्यशाला गोष्ठीको मा. उपाध्यक्ष ज्यूबाट पानसमा बत्ति बालेर कार्यक्रमको उद्घघाटन गर्नुहुदैं।




रा.यो.आ.का सह-सचिव श्री गोपीनाथ मैनालीज्यूले सानिसाका विद्यमान व्यवस्थाहरु प्रस्तुति गर्नुहुँदै।




सहभागीहरु




चित्रः रा.यो.आ.का माननीय उपाध्यक्षः डा. युवराज खतिवडाज्यूबाट कार्यक्रमलाई सम्बोधन




चित्रः रा.यो.आ.का माननीय सदस्यः डा. सुनिलबाबु श्रेष्ठज्यूबाट कार्यक्रमलाई सम्बोधन